का.जि.प्र.का.द.नं. १००/०५१/५०

२७ जेठ २०८०,
शनिबार
10 June 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १३५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## ह्वात्तै बढ्यो गर्मी

# तापक्रममा रेकर्ड ब्रेक

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर गत वर्षको तुलनामा तापक्रममा रेकर्ड ब्रेक भएको छ । यस्तो अवस्था अझै एक साता रहने अनुमान छ ।

सुनसरीको इनरुवा-९ स्थित सुनसरी-मोरङ सिँचाइ आयोजनाको शाखा नहरमा पौडी खेल्दै स्थानीय बालबालिका । तराईमा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ ।
**तस्बिर : नवीन गड्तौला/रासस**

### मानव स्वास्थ्यमा असरको जोखिम

तातो हावाका कारण मानव स्वास्थ्यमा असरको जोखिम रहेको सरोकारवालाहरु बताउँछन् । चिकित्सकहरुका अनुसार गर्मीले थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, पृष्ठ २ मा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेपालमा देशका बिभिन्न क्षेत्रमा गत वर्षको तुलनामा तापक्रममा रेकर्ड ब्रेक भएको छ । यस्तो अवस्था अझै एक साता रहने अनुमान छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार केही स्थानमा रेकर्ड ब्रेक भइसकेको छ । अझै एक साता तातो हावाको लहर (लु) जारी रहने देखिएको र थप क्षेत्रमाम तापक्रममा रेकर्ड ब्रेक हुने सम्भावना रहेको मौसमविद् शान्ति कँडेल बताउँछिन् ।

उनका अनुसार जेठ २४ गतेसम्मको तथ्यांकमा सबैभन्दा बढी ४३ दशमलव आठ डिग्री तापक्रम रेकर्ड भएको छ । सन् २०२३ को यो सबैभन्दा बढी मापन हो । यसअघि नेपालमा सन् १९९५ को जुन ५ मा धनगढीमा ४६ दशमलव चार डिग्री तापक्रम मापन भएको थियो । यो नेपालकै सबैभन्दा बढी मापन हो । यसपालि तराईका जिल्लाका साथै पहाडी क्षेत्रमा पनि विगत केही वर्षको तुलनामा रेकर्ड ब्रेक भएको पाइएको छ ।

नेपालमा जेठ १६ गतेदेखि तापक्रम बढ्न थालेकामा पछिल्ला तीन दिनदेखि भने तापक्रम ह्वात्तै बढेको छ । यो क्रम तराईका क्षेत्रमा बढी देखिएको छ । अहिले ती क्षेत्रका अधिकांश स्थानमा ४० डिग्रीभन्दा माथि नै तापक्रम रहेको छ । तातो हावाको लहर बढेपछि जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले यही १९ गते पहिलो पटक तातो हावाको लहरसम्बन्धी विशेष बुलेटिन जारी गरेर जानकारी गराएको थियो । त्यसपछि २४ गते अर्को बुलेटिन जारी गरेर सचेत गराएको थियो ।

मौसमविद् शान्ति कँडेलले सन् २०२३ को तापक्रम विश्लेषण गर्दा धेरै स्थानमा अधिकतम तापक्रमको 'रेकर्ड ब्रेक' भइसकेको बताउँछिन् । नवलपुरको दुम्क्यौलीमा ४३ दशमलव आठ डिग्री ताफक्रम पुगेको र बुधबारसम्मको तथ्यांकमा यो रेकर्ड यस वर्षकै सबैभन्दा बढी मापन हो । नवलपुरको दुम्क्यौलीमा भने पहिलो पटक 'रेकर्ड ब्रेक' भएको हो । यसअघि त्यहाँ सन् १९७९ मा ४३ दशमलव ७ डिग्री तापक्रम पुगेको थियो । उनका अनुसार तराईमा मात्रै होइन पहाडी क्षेत्रमा पनि तापक्रमले 'रेकर्ड ब्रेक' गरेको छ ।

ओखलढुङ्गामा सन् १९९९ मा सबैभन्दा बढी ३० दशमलव ९ डिग्री तापक्रम रेकर्ड भएकामा यसपालि त्यहाँ पनि 'रेकर्ड ब्रेक' भएर ३१ दशमलव नौ डिग्री पुगेको छ । धरानमा सन् २०१३ मा सबैभन्दा बढी ३८ दशमलव आठ डिग्री तापक्रम मापन गरिएकामा यसपालि सन् २०२३ को जुन ७ (हिजो बुधबार) ३९ दशमलव तीन डिग्री पुगेको थियो । पृष्ठ २ मा

# सत्ता गठबन्धनमा खटपट









सरकार छोड्नपरे परोस्, अन्याय सहनु हुँदैन । यथास्थितिमा बजेट पास हुँदैन । हामी प्रतिपक्षको सांसद भएर होइन, सत्तापक्षकै भएर पनि यथास्थितिमा यो बजेट पास हुन दिँदैनौं ।

**राजेन्द्रप्रसाद पाण्डे**
उपाध्यक्ष, एकीकृत समाजवादी



भौतिक योजनामन्त्री (प्रकाश ज्वाला) हुनुहुन्छ । यत्रो ठूलो दबाब छ (टुक्रे योजनामा बजेट नदिन) केही न केही राख्नुपर्ने अवस्था आइपऱ्यो भन्नुभयो । उहाँको पनि बाध्यता, अप्ठ्यारो मैले बुझेँ ।

**डा. प्रकाशशरण महत**
अर्थमन्त्री



मंसिरको चुनावमा एमालेको एकल एजेण्डा अनुमोदन नभएको र शक्तिको व्यापक क्षयीकरण भएको होइन र ! याद रहोस्, माओवादी केन्द्रको शक्तिबिना तपाईं (एमाले) को सिंहदरबार यात्रा कठिन छ र भइरहने छ ।

**जनार्दन शर्मा**
उपमहासचिव, माओवादी केन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बनेको पाँच महिना पुग्यो । यसअवधिमा प्रचण्ड प्रधानमन्त्रीमा निरन्तर रहँदा सत्तागठबन्धन भने दुई वटा बनिसकेको छ । एमाले समेतको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डलाई राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनपछि कांग्रेस लगायतका दलले अगाडि बढाए भने एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय पत्रजातन्त्र पार्टी (राप्रपा)ले साथ छाडेका छन् । २५ फागुनमा भएका राष्ट्रपतिको चुनावपछि बनेको नयाँ गठबन्धनभित्र पनि सुसुप्त खटपट सुरु भएको छ ।

पछिल्लो समय बजेट वितरणलाई लिएर गठबन्धनमा रहेका दलहरु सार्वजनिक रुपमा असन्तुष्टि पोखिरहेका छन् । नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे यथास्थितिमा बजेट पास हुन नदिने बताउँछन् ।

यही अवस्थामा, यही यथास्थितिमा बजेट पास हुँदैन । हामी प्रतिपक्षको सांसद भएर होइन, सत्ता पक्षकै भएर पनि यही यथास्थितिमा यो बजेट पृष्ठ २ मा

## सत्तारुढ दलले नै जनायो बजेटमा असन्तुष्टि

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को बजेटमा सत्तारुढ दल नेकपा एकीकृत समाजवादीले नै असन्तुष्टि जनाएको छ । धेरै बजेट डडेल्धुरा, गोरखा र नुवाकोट केन्द्रित भएको भन्दै संसदमै बजेटको विरोध भएको हो । बजेट सार्वजनिक हुँदा देशबाहिर भएका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले एयरपोर्टबाटै बजेटबारे आलोचना गरेका थिए । क

'बजेट डडेलधुरा, गोरखा र नुवाकोटमा बढी केन्द्रित भएको देखिन्छ' बजेट यी तीन जिल्लामा मात्रै केन्द्रित गर्न मिल्दैन । त्यसको आधार के हो ? यसबारे सरकारसँग जवाफ माग्छु' उनले भनेका थिए । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कतारको कानून अक्षरशः पालना गर्न आग्रह



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २६ जेठ

नेपाल पत्रकार महासंघ कतार शाखाले महासंघका केन्द्रीय सदस्य तथा अल्पसंख्यक विभाग प्रमुख इकबाल अहमदसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कतारका वैचारिक, सामाजिक संघसंस्था तथा सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको कार्यक्रममा विभिन्न वक्ताहरूले आफ्ना धारणा राखेका थिए ।

कार्यक्रमका वक्ताहरूले पत्रकारले सामाजिक सञ्जालमा लेख्दा ध्यान दिनुपर्नेमा जोड दिए । कतारको कानूनको पालना गर्दै सूक्ष्मरूपमै पृष्ठ २ मा

### हेटौंडा उपमहानगरपालिकाबाट श्रम स्वीकृति दिन शुरु

**काठमाडौं/रासस–** वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई हेटौंडा उपमहानगरपालिकाले प्रथम पटक श्रम स्वीकृति दिने कार्य शुरु गरेको छ । यसअघि श्रम स्वीकृतिका लागि वैदैशिक रोजगार विभाग पुग्नुपर्ने बाध्यता रहेको थियो ।

उपमहानगरपालिकाबाट श्रम स्वीकृति दिन थालेपछि सहज भएको बताइएको छ । श्रम स्वीकृतिका लागि वैशाख १ गतेदेखि अनलाइन प्रणालीको शुरुवात भएसँगै उक्त सेवा स्थानीय तहले नै दिन पाउने व्यवस्था पृष्ठ २ मा

# कार्कीलाई प्रधानन्यायाधीश बनाए राज्यलाई भार थपिने जिकिर

आगामी साउन २० गते ६५ वर्षे उमेरहदका कारण अवकाश पाउने हरिकृष्ण कार्कीलाई प्रधानन्यायाधीश बनाउन नहुने उजुरीकर्ताहरुको जिकिर छ । अन्यथा पूर्वप्रधानन्यायाधीशको हैसियतमा कार्कीलाई करोडौंको गाडी, पेन्सन, सुरक्षाकर्मीजस्ता सुविधा दिनुपर्ने र त्यसले राज्यलाई भार मात्रै थप्ने तर्क उजुरीमा छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण काकीविरुद्ध २९ वटा उजुरी परेको छ । संघीय संसदको संसदीय सुनुवाइ समितिले कार्कीविरुद्ध उजुरी दिन दिएको १० दिने अवधिमा २९ वटा उजुरी दर्ता भएको संसद सचिवालयले जनाएको छ । संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसदीय सुनुवाइको इतिहासमा प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध दर्ता भएको यो सबैभन्दा धेरै उजुरी हो ।

५ वटा इमेलबाट बाँकी व्यक्ति स्वयम उपस्थित भएर सुनुवाइ समितिमा उजुरी दिएका हुन् । उजुरीकर्ताहरुमा ६ जना कानुन व्यावसायी छन् । बहालवाला न्यायाधीशले



समेत कार्कीविरुद्ध उजुरी दिएका छन् ।

बहालवाला न्यायाधीश श्रीकृष्ण भट्टराई, अधिवक्ताहरु यादव कोइराला, ध्रुवबहादुर श्रेष्ठ, अभियन्ता रतन भण्डारीलगायतले प्रस्तावित प्रधानन्यायाधीश कार्कीविरुद्ध उजुरी दिएका छन् । अधिकांश उजुरीमा कार्कीको दलीय आवद्धता रहेको आरोप लगाइएको छ ।

आगामी साउन २० गते ६५ वर्षे उमेरहदका कारण अवकाश पाउने हरिकृष्ण कार्कीलाई प्रधानन्यायाधीश बनाउन नहुने उजुरीकर्ताहरुको जिकिर छ । अन्यथा पूर्वप्रधानन्यायाधीशको हैसियतमा कार्कीलाई करोडौंको गाडी, पेन्सन, सुरक्षाकर्मीजस्ता सुविधा दिनुपर्ने र त्यसले राज्यलाई भार मात्रै थप्ने तर्क उजुरीमा छ । संवैधानिक परिषदको बैठकले गत वैशाख २५ गते कार्कीलाई प्रधानन्यायाधीशमा नियुक्ति गर्न सिफारिस गरेको थियो । सुनुवाइ समिति नै गठन नहुँदा रोकिएको पृष्ठ २ मा

# १० महिनामा १० खर्ब पाँच अर्ब विप्रेषण भित्रियो

काठमाडौं/रासस- चालु आर्थिक वर्षको १० महिनामा कूल रु १० खर्ब पाँच अर्ब विप्रेषण मुलुकमा भित्रिएको छ। वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा बढोत्तरी भएको तथा वैधानिक तवरबाटै विप्रेषण भित्रिन थालेकाले आप्रवाहमा सुधार देखिएको हो।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको १० महिनासम्मको विवरणअनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह २३ दशमलव चार प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह शून्य दशमलव पाँच प्रतिशतले बढेको थियो।




अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३ दशमलव चार प्रतिशतले वृद्धि भई सात अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह एक दशमलव दुई प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५१ दशमलव चार प्रतिशतले वृद्धि भई चार लाख २१ हजार दुई सय ७९ पुगेको छ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा तीन दशमलव सात प्रतिशतले वृद्धि भई दुई लाख ३८ हजार नौ सय ७६ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या एक सय ८५ दशमलव पाँच प्रतिशतले बढेको थियो।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु ११ खर्ब १० अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर शून्य दशमलव तीन प्रतिशतले बढेको थियो।

# 'बालविवाह न्यूनिकरण गर्न स्थानीय तहको पहल आवश्यक'

सरिता पराजुली/मध्यान्ह
जुम्ला, २६ जेठ




जुम्लामा पछिल्लो समय बालविवाह बढ्दै गइरहेको छ। आधुनिक सामाजिक सञ्चालको प्रयोग, देखासिखी, लहलहाइ, गरिबी, अशिक्षा, बेरोजगार लगायतका कारण बालविवाहले प्रशय पाएको छ।

गैरसरकारी संघसंस्थाहरुले बालविवाह न्यूनिकरणका लागि लामो समयदेखि नै लगानी गदै आइरहेका पनि छन्। तर गैससको लगानी बालुवामा पानि जस्तै भएको देखिन्छ। निश्चित समय र अवधिको लागि मात्र काम गर्ने भएकाले यस्तो समस्या देखिएको हो। एकातिर जुम्लाका आठ वटा स्थानीय तहका ग्रामीण र दुरदराजका क्षेत्रहरुमा बालविवाह बढ्दै गएको देखिन्छ भने अर्कोतिर सरकारी तथ्याङमा जुम्लामा बालविवाहका घटना दर्ता भएको तथ्याङक नै छैनन्। बालविवाहको एकिन तथ्याङ्क नपाउनु भनेकै सरोकारवाला निकाय संघ, सरकार प्रदेश र स्थानीयहरुले बालविवाह न्यूनिकरण गर्नुपर्नेमा जोड खासै पहल नगर्नु हो। जुम्लामा बालविवाह न्यूनिकरण गर्ने स्थानीय तहको ध्यान जान आवश्यक रहेको छ।

बालविवाह न्यूनिकरण गर्न स्थानीय तहहरु जिम्मेवार हुनुपर्नेमा जोड दिइएको छ। निश्चित समयमा गैससले सञ्चालन गरेका कार्यहरुलाई स्थानीय सरकारले अपनत्व गर्नुपर्नेमा जोड दिएका हुन्। आत्मसम्मानका लागि सहयकार्य क्याड नेपाल जुम्लाले शुक्रबार सञ्चालन गरेको बालविवाह न्यूनिकरण र यौन प्रजनन् स्वास्थ्य सम्बन्धी सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले यस्तो बताएका हुन्। कार्यक्रममा नेपाल पत्रकार महासंघ शाखाका अध्यक्ष नेत्र बहादुर शाहीले बालविवाहले बालबालिकालाई आधारभुत अधिकारबाट बञ्चित गराउने हुँदा आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा समस्या भएको बताए।

उनका अनुसार आफ्नो अधिकारबाट समेत बालबालिकाहरु बञ्चित हुने गरेका छन्। जुम्लामा अहिलेसम्म बालविवाहको एकिन तथ्याङ्क छैन। त्यस्तै क्याड नेपालका कार्यक्रम संयोजक अजय कुमार महजर्नले पुण्य कमाउने लालसा तथा धार्मिक मान्यताका कारण बालविवाहले निरन्तरता पाएको बताए। उनले उमेर नपुगी विवाह गरिदिने विवाहका कारण प्रजनन् स्वास्थ्यमा असर परेको बताए।

त्यस्तै क्याड नेपालका फिल्ड संयोजक देवेन्द्र अचार्यले बालविवाह न्यूनिकरणको हिमा, सिजा र कनका सुन्दरीमा कार्यक्रम गर्दै आएको बताए। क्याड नेपाल स्थानीय सरकारसँग मिलेर बालविवाह न्यूनिकरणमा लागेको छ। यस्ता खालका कार्यक्रमबाट धर्म गुरुको माध्यमबाट बालविवाह रोक्न सकिने हुँदा यस्ता कार्यक्रको निकै महत्व हुने बताइएको छ।

त्यस्तै प्रशिक्षक प्रेम सिहं ठकुरीले बालविवाह छाउपडी प्रथा धाँमी झाँक्री लगायतसँग अन्तरपूस्ता संवाद गर्न जरुरी रहेको बताए। उनले भने, 'कुनै पनि धर्मले सानो उमेरमा विवाह गर्नुपर्छ र छाउपडी मान्नुपर्छ भनेर भनेको छैन। त्यसैले बालविवाह न्यूनिकरणमा आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्ने धर्म गुरुहरुले पनि प्रतिवद्धता व्यक्त गर्न जरुरी छ।'

बालविवाह न्यूनिकरण र यौन प्रजनन् स्वास्थ्य सम्बन्धी पत्रकारको भूमिकाबारे कार्यशाला गोष्ठीमा बालविवाह र यसको असर, न्यूनिकरण गर्ने उपाय पत्रकारहरुले यस क्षेत्रमा खेल्नुपर्ने भूमिकाको विषयमा सुझाव संकलन पनि गरिएको छ। त्यस्तै छाउपडी प्रथा बालविवाह जस्ता सामाजिक कुरितविरुद्धको अभियानमा काम गर्ने अभियन्ता नै परिवर्तन हुनुपर्ने देखिएको छ।

# जनस्वास्थ्य प्रयोगशालाका अधिकृत घुससहित पक्राउ

**काठमाडौं/मस**-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौंमा कार्यरत अधिकृत मेडिकल ल्याब टेक्नोलोजिष्ट लेखनाथ भट्टराईलाई घुस रकमसहित पक्राउ गरेको छ।




अख्तियारले भट्टराईलाई ५० हजार रुपैयाँ घुस रकमसहित काठमाडौंको शंखमुलबाट पक्राउ गरेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

ल्याब दर्ता प्रक्रिया अगाडि बढाउन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग ५० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा अख्तियार टंगालबाट खटिएको टोलीले भट्टराईलाई पक्राउ गरेको हो। भट्टराईलाई भ्रष्टाचार मुद्दामा कारबाही गर्न थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

### ह्वात्तै ...

यस्तै इलामको कन्याममा सन् १९९३ मा २९ डिग्री रेकर्ड भएकामा यसपालि यही ५ तारिखमा ३० डिग्री मापन भई 'रेकर्ड ब्रेक' भएको कँडेलले बताइन्।

यसपालि मुलुकका सबैजसो भूभागमा औसतभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने अनुमान यसअघि नै सार्वजनिक गरिएको थियो। मनसुन १३ जुनमा प्रवेश गर्ने औषत समय भए पनि एक दुई दिन ढिला हुने देखिएको छ। मनसुन अहिले भारतको केरला आइपुगेको छ। यसपटक मनसुन भित्रिए पनि केही दिन पानी परेर फेरि सुक्खा हुने देखिएको मौसमविद्को भनाइ थियो।

अर्का मौसमविद् विनु महर्जनका अनुसार कपिलवस्तुको तौलिहवामा ४२ डिग्री तापक्रम छ। यस्तै चितवनको रामपुरमा ४१ दशमलव सात, सिमरामा ४१ दशमलव एक, जनकपुरमा ४० दशमलव सात डिग्री तापक्रम छ। काठमाडौंमा हिजोको तापक्रम ३२ दशमलव आठ पुगेकामा अहिले भने ३१ डिग्री रहेको जनाइएको छ। विगतमा काठमाडौंमा ३६ दशमलव छ डिग्रीसम्म तापक्रम रेकर्ड भएको अभिलेख छ। मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिनमार्फत काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र तराई भू-भागमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको उल्लेख गरेको छ। विभागले यस्तो अवस्थामा आगामी केही दिनसम्म देशभरिको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भू-भागहरूमा अधिकतम र न्यूनतम तापक्रम क्रमिकरुपमा बढ्ने देखिन्छ। हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन र विश्लेषणअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ। तसर्थ देशका तराई भू-भागमा आगामी पाँच दिनसम्म तातो हावाको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरिएको छ।

### मानव...

खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुनसक्छ। तातो हावाबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्किँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनुपर्ने चिकित्सक डा पवनकुमार शाह सुझाउँछन्। तातो हावाको लहरका सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज पहिलोपटक छलफल गरेको छ। उक्त छलफलका सहभागीहरुले अब शीतलहरका लागि पनि नयाँ कार्ययोजना बनाएर अघि बढ्नुपर्ने सुझाव दिएका थिए। प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले प्राप्त सुझावलाई कार्यान्वयन गर्न आवश्यक तयारी थाल्ने र कार्ययोजना बनाएर लागू गर्ने प्रतिबद्धता जनाएका छन्।

### सत्ता...

पास हुन दिँदैनौं,' उनी भन्छन्, 'सरकार छोड्नपरे परोस्, यो अन्याय सहनु हुँदैन।' उनले माओवादी अध्यक्ष प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र अर्थमन्त्री डा. प्रकाशशरण महतको जिल्लामा बढी बजेट छुट्याइएको भन्दै विरोध जनाए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालय अन्तर्गत 'वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम' शीर्षकमा ५ अर्ब रकम विनियोजन गरिएको छ। यस कार्यक्रमको कूल रकमको आधार रकम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चुनाव क्षेत्र भएको गोरखा, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृह जिल्ला डडेलधुरा र अर्थमन्त्री डा. प्रकाशशरण महतको गृह जिल्ला नुवाकोट गरी तीन जिल्लाका सडक आयोजनामा पारिएको छ। आधा रकम बाँकी ७४ वटा जिल्लाका सडक आयोजनामा पारिएको छ।

यस विषयमा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल लगायत एकीकृत समाजवादीका अन्य सांसदहरुले सार्वजनिक रुपमै विरोध गर्दै आएका छन्। त्यसतर्फ संकेत गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले पनि महतले एकीकृत समाजवादीको असन्तुष्टि आफूले बुझेको टिप्पणी गरेका छन्। आफूले टुक्रे योजनामा बजेट नहालौं न भन्दा मन्त्रीहरु नै नमानेको उनको दाबी छ। 'भौत्तिक योजनामन्त्री (प्रकाश ज्वाला) यहीँ हुनुहुन्छ। उहाँलाई पनि मैले भनेँ। यत्रो ठूलो दबाव छ, केही न केही राख्नुपर्ने अवस्था आइपर्यो भनेर उहाँको पनि वाध्यता अप्ठ्यारो मैले बुझेँ', शुक्रबार राष्ट्रिय सभाको बैठकमा बजेटमाथि उठेका प्रश्नहरुको जवाफ दिँदै अर्थमन्त्री महतले भने।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला हुन्। उनी एकीकृत समाजवादीका तर्फबाट सरकारमा छन्। साना आयोजनाहरुका लागि समेत बजेट माग गर्ने प्रवृतिका कारण समस्या परेको उल्लेख गर्दै डा.महतले भनेका छन्, 'त्यसकारणले कतिपय आयोजनाहरुमा अस्वभाविक छ। त्यत्रो लामो सडक छ पैसा यति राखिदिएको छ। के गरेको हो भन्ने छ।' सत्तागठबन्धनभित्रको सुसुप्त खटपट रहेको स्वीकार गर्दै सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्ती राजनीतिमा उतारचढाव आउँछ कि भन्ने संकेत देखिएको बताउँछन्। विगतमा पनि सरकारको अर्थ विधेयकमाथिको छलफलका क्रममा यस्तो तरंग पैदा हुने गरेको र यसपटक पनि भइराखेको उनको भनाइ छ।

'हामीले हरेक सरकारको विधेयकहरु (अर्थ विधयक)मा छलफल गर्दा राजनीतिमा पनि उतारचढाव आउँछ कि, आउँछ कि भन्ने प्रकारले एउटा तरंग पैदा भइराखेको हुन्छ र लाग्छ यही अधिवेशनमा पनि यो कुराको संकेत हामी देखिराखेका छौं।' यसपटक कस्तो उतारचढाव आउने संकेत देखेको हो त्यसबारे विस्तृत व्याख्या कसैले गरेका छैनन्। तर, प्रमुख विपक्षी नेकपा एमालेले माओवादी केन्द्र नेतृत्वको सरकार ढाल्न खोजेको हो कि भन्ने आशंका बल पुग्ने गरी माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले सार्वजनिक अभिव्यक्ति दिएका छन्। यदि त्यसो हो भने माओवादी निर्णय बिना अर्को सरकार बन्ने अवस्था नरहेको र अझ एमाले नेतृत्वको सरकार बन्द एमालेलाई माओवादीकै साथ आवश्यक पर्ने उनको भनाइ छ।

हाल माओवादीको नेतृत्वमा संसदको सबैभन्दा ठूलो दल कांग्रेस सरकारमा छ। कांग्रेसले एमाले नेतृत्वको सरकार बनाउनका लागि वर्तमान सरकार नढाल्ने विश्वास गर्दै उनले आगामी दिन पनि एमाले नेतृत्वको सरकार बन्नका लागि समस्या रहेको बताएका हुन्। यसकारण पनि माओवादी केन्द्रप्रति अनावश्यक रुपमा टिप्पणी नगर्न उनको चेतावनी छ। बजेटमाथि संसदमा भएको छलफलमा एमाले अध्यक्ष ओलीले माओवादी ३२ सिटमा झरेको भन्दै व्यंग्य गरेका थिए। शुक्रबार शर्माले त्यसको जवाफ दिँदै नेपालको राजनीतिक इतिहास माओवादीविना अपुरो हुने बताए। संघीयता, धर्म निरपेक्षता, समावेशीता जस्ता मुद्दा माओवादीको विरासत भएको र संसदको तेस्रो शक्ति बनेपनि परिवर्तनको रापतापबाट आएको चुम्बकीय शक्ति बाँकी रहेको उनले बताए। उपमहासचिव शर्माले भने, 'यसको बलमा माननीय केपी ओलीजीलाई प्रधानमन्त्री बनाउन हामीले पार्टीगत, समूहगत र व्यक्तिगत रुपमा योगदान पुर्याएको होइनौं र ?'मंसिरको चुनावमा एमालेको एकल एजेण्डा अनुमोदन नभएको र शक्तिको व्यापक क्षयीकरण भएको भन्दै उनले भने, 'याद रहोस्, माओवादीको शक्तिविना तपाईंको सिंहदरबार यात्रा कठिन छ र भइरहने छ।'

### सत्तारुढ...

उनीमात्रै होईन, एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले त बजेटमा चरम विभेद भएको भन्दै सरकार छाड्ने चेतावनी समेत दिएका छन्। 'अब यो अन्याय सहिँदैन। आजको दिनमा यस्तो अन्यायपूर्ण गतिविधि हुन सुहाउँदैन। १६५ वटा निर्वाचन क्षेत्रमा असमान व्यवहार गर्ने ? सरकार छाड्नुपरे परोस्, यो अन्यायलाई सहनुहुँदैन' उनले भनेका छन्। भौतिक पूर्वाधार मन्त्रालयबाट खर्च गर्न मिल्ने पाँच अर्बमा एक अर्ब १० करोड डडेल्धुरामा, ५५ करोड गोरखामा र ७५ करोड नुवाकोटमा छुट्याइएको छ। बाँकी ६७ जिल्लाका लागि भने २६५ करोड मात्रै रहेको देखिन्छ। सो विषयमा नेपाली कांग्रसकै सांसद अर्जुनरसिंह केसीले पनि संसदमा असन्तुष्टि जनाएका छन्।

'यहाँ नुवाकोटको सांसदको रूपमा उभिएकाले जिल्लामा बजेटकेन्द्रित भयो भन्ने सन्दर्भमा मैले धेरै बोल्न मिल्दैन। तर, जिल्ला होइन निश्चित निर्वाचन क्षेत्र र त्यसको पनि गाउँपालिका र वडाको हिसाबले बजेट गएको छ। यही तरिका हो भने माननीय सञ्जय गौतमले बर्दियामा रुखमुखी अनसन बसेजस्तै जनस्तरबाटै विरोध हुने अवस्था छ' उनले भने। नुवाकोटमा बढी बजेट गएपनि हालका अर्थमन्त्रीले आफ्नो वडाकेन्द्रित मात्रै बजेट विनियोजन गरेको उनको आरोप छ।

सरकारलाई समर्थन गरेका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पनि बजेटले मधेशलाई विभेद गरेको भन्दै असन्तुष्टि जनाएका छन्। 'बजेट लेखाउँदा तराईमा मधेशी बढी बस्छन्, तिनीहरुलाई विकासको अवसर दिनु हुँदैन। त्यो विकास हाम्रो स्वार्थ अनुकुल छैन भनेर लेखेको हो कि के हो ?' यादवले भने। उनले कुल बजेटको १६ प्रतिशत स्थानीय तहलाई र ६ प्रतिशत प्रदेशलाई विनियोजन गरेर संघीयतालाई कमजोर बनाउन खोजेको आरोप पनि लगाएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल सहितका मन्त्रीहरुले बजेट न्यायोचित भएको दाबी गरेपनि सत्तारुढ दलकै नेताहरुल खुलेरै विरोध गर्न थालेका छन्।

### कतारको...

सूचना दिन कतारका पत्रकार चुकेको बताए। उनीहरुले राजनीति भन्दा ठूलो पत्रकारिता रहेको भन्दै पत्रकारले देशको मर्म र भावनालाई आत्मसात गर्दै आफ्नो पेसाप्रति गौरव लाग्ने गरी कलम चलाउन आग्रह गरेका थिए। पत्रकार महासंघ कतार शाखाले सञ्चालन गरेको वेब पोर्टलको वक्ताहरूले प्रशंसा गरे।

खाडीमा मरेका मानिसको शवमाथि गलत समाचार लेख्दै खाडीमा मात्रै मानिस मर्छन् झैं गरी नेपालका कतिपय मिडियाले समाचार प्रेषित गर्ने गरेकोप्रति एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानले रोष प्रकट गरे। उनले मृत्यु प्राकृतिक र दुर्घटनाबस हुने र त्यो कतार या खाडीमा मात्र नहुने बताए। खाडीका मृत्युलाई व्यापार तथा नियोजित जस्तो नबनाउन समेत आग्रह गरे।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा सामाजिक व्यक्तित्व एआर रहमानले आफू विगत १७ वर्षदेखि कतारको आन्तरिक विभागमा कार्यरत रहेको बताउँदै आफ्नो नाम नेपाली समाजमा गलत स्थानमा प्रयोग हुने गरेकोप्रति गुनासो गरे। उनले आफूले कतारमा समस्यामा परेका नेपालीलाई निःस्वार्थ सहयोग गर्ने गरेको बताउँदै दुई जना नेपाली नै आपसमा एक अर्काविरुद्ध केश लिएर विभागमा आउने गरेको बताए। उनले नेपाली-नेपालीबीच हुने आन्तरिक द्वन्द्वले एक नेपाली गलत देखिने नजिरले नकारात्मक टिप्पणी हुने गरेको स्पष्ट पारे। उनले पत्रकारले समाजमा सकारात्मक सन्देश प्रवाह हुने काम गर्न समेत अनुरोध गरे।

शाखा कतारका अध्यक्ष करिम बक्स मियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि अहमद रहेका थिए। प्रमुख अतिथि अहमदले प्रेस काउन्सिलले तोकेको दायरामा रहेर पत्रकारिता गर्न सके पत्रकारको शुद्धीकरण अभियान सफल हुने बताए। उनले कतारमा बसेर राज्यको भागबन्डा खोज्नु उचित नहुने बताउँदै परदेशमा सबै नेपाली नागरिक मात्र हुने बताए। उनले भने, 'आफ्ना अधिकारका लडाई लड्ने नेपालमा हो कतारमा होइन।' कार्यक्रमको समापन गर्दै सभापति मियाँले समाजमा देखिएका सबै कुरा सत्य नहुने जिकिर गर्दै कतारको पत्रकारितालाई नेपालको आँखाबाट नहेर्न अनुरोध गरे। उनले कतारको कानूनको अक्षरशः पालना पहिलो अनिवार्य दायित्व रहेको बताए।

### हेटौंडा...

भएकाले सो उपहानगरपालिकाले शुरु गरेको छ। श्रम स्वीकृति लिने व्यक्तिले राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो, पारिवारिक विवरण, बैंक खाता, व्यक्तिगत इमेल आइडी, सम्पर्क नं, रोजगारदाताले दिएको सम्झौता पत्र, राहदानीको प्रतिलिपिसहित उपमहानगरपालिकाको रोजगार सेवामार्फत अनलाइन आवेदन दिन सकिने रोजगार संयोजक विजन श्रेष्ठले जानकारी दिए। वैदेशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष र बीमा रकमबापत तिर्नुपर्ने शुल्क तोकिएको बैंक खातामा दाखिला गरेपछि श्रम स्वीकृतिका लागि प्रक्रिया अगाडि बढ्ने बताइएको छ।

### कार्कीलाई...

कार्कीको सुनुवाइ प्रक्रिया जेठ १६ गतेदेखि सुरु भएको थियो। सुनुवाइ समिति गठन लगत्तै बसेको सुनुवाइ समितिको बैठकले १० दिनको समय दिएर सार्वजनिक रुपमा उजुरी आह्वान गरेको थियो। जस अन्तर्गत उजुरी परेको हो।

जिल्ला न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले कानुनको रिक्तता हुँदाहुँदै गरिएको सिफारिसलाई मान्यता दिन हुने दाबी गरेका छन्।

संवैधानिक परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी ऐन २०६६ को अध्यादेशबाट खारेज भएको प्रावधान जगाउन विधेयक संसदमा विचाराधीन रहेको अवस्थामा गरिएको सिफारिस अवैध रहेको भट्टराईको जिकिर छ।

अधिवक्ता अमृत खरेलले पनि कार्कीको सिफारिसको वैधतामाथि प्रश्न गरेका छन्। उनले कार्कीले प्रधानन्यायाधीशमा अस्वीकृत गर्न माग गर्दै समितिमा दिएको उजुरीमा भनिएको छ, 'संवैधानिक परिषदको पुनः २०८० साल वैशाख २५ गते अनौपचारिक र गैरकानूनी बैठक बसी हचुवाका आधारमा स्वैच्छाचारी ढंगले नेपालको प्रधान न्यायाधीश पदमा श्री हरिकृष्ण कार्कीको नाम सिफारिस गर्ने कार्य कानूनी रिक्तताकै स्थितिमा प्रधानमन्त्री तथा विपक्षी दलसमेतको मिलेमतोमा गरिएको संवैधानिक सर्वोच्चता र कानूनी शासनको सिद्धान्तको बर्खिलापको बलमिच्याइको कार्य भएकाले प्रधान न्यायाधीश पदमा गरिएको निज कार्कीको नाम सिफारिसको कुनै कानूनी वैधता नरहेको हुनाले उक्त अवैध सिफारिस प्रथमदृष्टिमै कानूनको दृष्टिमा स्वतः शून्य परिणामको लागि बलम खयष्म कार्य हुन गई खारेजभागी छ।' संसद सचिवालयका प्रवक्ता गिरीका अनुसार सबै उजुरी एकमुष्ट रुपमा सुनुवाइ समितिको बैठकमै खोलिने छ। कार्कीविरुद्धको उजुरी खोल्नका लागि आगामी आइतबार सुनुवाइ समितिको बैठक बोलाउने तयारी छ। प्राप्त उजुरीउपर अध्ययन गरेपछि सुनुवाइ समितिले कार्कीलाई सुनुवाइका लागि बोलाउनेछ। संसदीय सुनुवाइ सकिएपछि मात्र नियुक्तिका लागि बाटो खुल्छ। संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको खण्डमा कार्की छोटो अवधिका लागि प्रधानन्यायाधीश हुनेछन्। ६५वर्षे उमेरहदका कारण आगामी २० साउनमा उनी अवकाशमा जानेछन्।

**कोन्ज्योसोम गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बागमती प्रदेश**

**चौघरे, ललितपुर**

**प्रारम्भिक वातावरणिय परिक्षण (IEE) को सार्वजनिक सुन्वाई सम्बन्धि सूचना**

(प्रकाशित मिति: २०८०/०२/२७)

बागमती प्रदेश ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिका अन्तरगत पर्ने तपसिल अनुसारका खोलाहरुका विभिन्न क्षेत्रहरुबाट दिगोरुपमा नदिजन्य पदार्थहरु ढुङ्गा, गिटि, बालुवा उत्खनन तथा संकलन कार्यका लागि वतावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली २०७७, कोन्ज्योसोम गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दाफा ५ मा व्यवस्था भए बमोजिम तपशिल स्थान मिति र समयमा सार्वजनिक सुनुवाई कार्कक्रम हुने भएकोले सम्पुर्णको सरोकारवाललई उपस्थित भईदिन हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त सार्वजनिक सुनुवाई कार्कक्रम उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरु दिनु हुन अनुरोध छ ।

**तपसिल**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कोन्ज्योसोम गाउँपालिका, गाउँपालिकाको कार्यालय चौघरे, ललितपुर, बागमती प्रदेश |
| **प्रस्तावको व्यहोरा** | कोन्ज्योसोम गाउँपालिका क्षेत्र भित्रको **सिलिङे बेसि ठोस्ने बिमिरे सोचे खोला** क्षेत्रको विभिन्न ठाँउबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन सम्बन्धी कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यका लागि। |
| | कोन्ज्योसोम गाउँपालिका क्षेत्र भित्रको **सिलिङे बेसि ठोस्ने लामोदुवाली तिप्छे खोला** क्षेत्रको विभिन्न ठाँउबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन सम्बन्धी कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यका लागि। |
| **प्रभाव पार्न सक्ने जिल्ला गाँउपालिका र वडा नं:** | ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिका वडा नं. १, २ र ३ |

**सार्वजनिक सुनुवाई कार्यक्रम**

| | |
|---|---|
| **स्थानः** लामादुवालि | **स्थानः** आँपाबोट |
| **मितिः**२०८०/०३/०१ | **मितिः**२०८०/०३/०१ |
| **समयः** बिहन ११.०० बजे | **समयः** बिहन १४.०० बजे |
| **सम्पर्कः**९८५८३२२१८३ | **सम्पर्कः**९८५८३२२१८३ |
| **वडा नः** १ र २ | **वडा नः** २ र ३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## आपरूपी त्रिलौकीनाथ मन्दिर संरक्षण सम्बर्द्धन समिति गठन



**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २६ जेठ

सप्तरीको महादेवा गाउँपालिका वडा नं ५ दुर्गापुर टोलमा रहेको माँ दुर्गा भगवती तथा आपरूपी त्रिलौकीनाथ मन्दिर संरक्षण तथा सम्बर्द्धनका लागि समिति गठन गरिएको छ । स्थानीयहरुको अगुवाईमा गठन गरिएको समितिलाई शुक्रबार एक कार्यक्रमबीच औपचारिकता दिइएको हो ।

पोखरीडिलमा रहेको सो सांस्कृतिक सम्पदालाई उत्थान गर्ने उद्देश्यले संरक्षण सम्बर्द्धन समिति गठन गरिएको हो । तीन कित्तामा गरी तीन बिघा बढी नेपाल सरकारको स्वामित्व रहेको जग्गामा मन्दिर संरक्षण हुँदै आएको स्थानीय शिवप्रसाद मण्डलले जानकारी दिए ।समितिको स्वामित्व स्थापित गरी अब यो सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने स्थानीय समाजसेवी चौठी लाल खङ्गले बताए । नेपालीहरुको महान चाड बडा दशैंको अवसरमा उक्त मन्दिरमा विशेष पूजा हुने गरेको उनले बताए ।

आन्तरिक पर्यटनमा योगदान पुऱ्याउने उद्देश्य प्राप्तिका लागी समितिले उत्कृष्ट कार्य गर्ने वक्ताहरुले विश्वास व्यक्त गरे । समितिका अध्यक्ष देवनारायण पण्डित र महादेवा गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डलको प्रमुख आतिथ्यतामा समिति शुभारम्भ कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष अर्चनाकुमारी यादव, स्थानीय भागवत मण्डल, योगेन्द्र मण्डल, बैजनाथ मण्डल, शिव कुमार मण्डल र चौठीलाल खङ्गले शुभकामना मन्तव्य राखेका थिए ।

## बसबरीया गाउँपालिकाद्वारा ग्यास सिलिण्डर र चुल्हो वितरण शुरु



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २६ जेठ

सर्लाहीको बसबरीया गाउँपालिकाले गरिब तथा विपन्न परिवारलाई खाना पकाउने ग्यास सिलिण्डर र चुल्हो सेट वितरण शुरु गरेको छ । धुवाँमुक्त गाउँ अभियान कार्यक्रमअन्तर्गत पालिकाले वडा नं १ का विपन्न परिवारलाई एक घर एक सिलिण्डर र चुल्हो सेट वितरण गर्न शुरु गरेको हो ।

दाउरा, गुईंठा, परालगायतका इन्धन प्रयोग गरी खाना पकाउँदा त्यसबाट निस्केने धुँवाले स्वास्थ्यमा असर पर्ने भएका कारण आर्थिक वर्ष २०७९/८० को गाउँसभाबाट स्वीकृत गरेर २ हजार ७ सय १५ सेट सिलिण्डर र चुल्हो खरिद गरी वितरण गर्न शुरु गरिएको बसबरीया गाउँपालिकाका अध्यक्ष रामसिंहास रायले जानकारी दिए ।

उनका अनुसार वडा नं १ का स्थानीयको आवश्यकताबमोजिम वडामा ग्यास र चुल्हो गरी ५३३ सेट माग गरिएको छ । सो सामग्री प्राथमिकताको आधारमा गरिब, विपन्न, मजदुर, अपाङ्ग, एकल महिलालाई वितरण गरिँदै छ भने पछि फेरि वडाले आवश्यकताको आधारमा माग गरे थप्न सकिने छ । अध्यक्ष रायले धुँवामुक्त गाउँ अभियान कार्यक्रमअन्तर्गत पालिकाका ६ वटै वडामा ग्यास सिलिण्डर र चुल्हो सेट निःशुल्क वितरण गरिने योजना रहेको बताए ।

# प्रचण्ड र बाबुरामविरुद्धको रिट दर्ता गर्न सर्वोच्चको आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ

सर्वोच्च अदालतले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्धको रिट निवेदन दर्ता गर्न आदेश दिएको छ । शुक्रबार न्यायाधीश डा. आनन्दमोहन भट्टराईको एकल इजलाशले सर्वोच्च अदालतका रजिस्ट्रारले गरेको दरपीठ आदेश बदर गर्दै लेनिन विष्टले दायर गरेको रिट निवेदन दर्ता गर्न आदेश दिएको हो ।

माओवादीकै पूर्वबाल सेनासमेत रहेका विष्टले जनयुद्धका क्रममा बालसेना प्रयोग अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीतको कार्य भन्दै रिट दायर गरेका थिए । तर उक्त रिटलाई प्रशासनले दरपीठ गरिदिएपछि विष्टले दर्ताका लागि अन्तरिम आदेश माग गरेका थिए ।



माओवादी जनयुद्धकालमा २०५९ सालदेखि बालसैन्यको रूपमा भर्ती भएका विष्टले आफूलाई अयोग्य लडाकुको बिल्ला भिराई शिविरबाट निकालेर युद्ध अपराध गरेको आरोप लगाएका छन् । उक्त रिटमा विष्टले तत्कालीन माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईसहितका नेताहरुलाई विपक्षी बनाएका छन् ।

### प्रतिलिपि झिकाउन आदेश

सर्वोच्च अदालतले राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेको प्रतिलिपि झिकाउन आदेश दिएको छ ।

शुक्रबार सर्वोच्चका न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र सुष्मालता माथेमाको संयुक्त इजलासले प्रमाणीकरण भएको विधेयकको प्रतिलिपि झिकाउन आदेश दिएको हो । वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले उक्त प्रमाणीकरणविरूद्ध सर्वोच्चमा रिट निवेदन दिएका थिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारले गरेको प्रमाणीकरण गराउन अनुरोध गर्ने जेठ १२ गतेको निर्णय र राष्ट्रपति पौडेलबाट जेठ १७ गते भएको प्रमाणीकरणको प्रतिलिपि राष्ट्रपति कार्यालय शीतल निवासबाट झिकाउन आदेश दिएको हो । छलफलको पेशी जेठ ३० गते अन्तरिम आदेश समेत तोकिएको छ ।

## डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणा

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २६ जेठ

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ। शुक्रबार त्रिपुरासुन्दरी नगरपालिकाको कार्यालयमा विशेष कार्यक्रम गरी त्रिपुरासुन्दरीलाई पूर्ण खोप पालिका घोषणा गरिएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकाय, प्रमुख जिल्ला अधिकारी भूमिश्वर पोखरेल, नगर प्रमुख जनचन्द्र रोकाया, विशेष अतिथि जिल्ला स्वास्थ्य सेवा कार्यालय प्रमुख डा.रत्नवीर सुनार लगायत अन्य अतिथिहरूको उपस्थित रहेको थियो ।

पूर्ण खोप पालिका घोषणा कार्यक्रममा बोल्दै उपस्थित विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरुले खुला दिसामुक्त क्षेत्र घोषणा गरेजस्तै पूर्ण खोप घोषण कार्यक्रम नहोस् भनेर सुझाव समेत दिएका थिए ।

डोल्पालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरेको वर्षौं बितिसक्दा बाटोघाटोमा दिसा देखिने र शौचालय नबनाएका घरहरु अझैं रहेका भन्दै उनीहरुले टिप्पणी समेत गरेका थिए ।



नगरपालिकालाई पूर्ण खोप पालिका घोषणा गरिसकेपछि भोलिका दिनमा खोप छुटेका बालबालिका देख्नु नपरोस् भन्दै समन्वय समितिका प्रमुख रोकायले नगरपालिकालाई सुझाव समेत दिएका थिए । शिक्षा र स्वास्थ्य क्षेत्रमा नगरपालिकाले विशेष ध्यान दिनुपर्ने बताउँदै नगरपालिकाले वास्तवमै स्थानीय सरकार भएको प्रत्याभूति गराउनुपर्ने उनले बताए ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी भूमिश्चर पोखेलले पूर्ण खोप पालिका घोषणा गरेकोमा नगरपालिकालाई बधाई दिँदै भोलिका दिनमा पूर्णलाई अपूर्ण बनाउने काम नहोस् भनेर सुझाव समेत दिएका थिए ।

कार्यक्रमलाई समापन गर्दै नगरप्रमुख रोकायले पूर्ण खोप पालिका घोषणा गर्न नगरपालिकाका स्वास्थ्यकर्मी,जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल सबै लागि परेकाले सबैलाई धन्यवाद समेत दिए ।

नगरक्षेत्रको विकासका लागि जिल्लाका सम्पूर्ण राजनीतिक दलहरुको सहयोग समेत पाएको उनले बताए । पूर्ण खोप पालिका घोषणा गर्न विशेष योगदान पुऱ्याउने नगर स्वास्थ्य संयोजक, त्रिपुराकोट स्वास्थ्य चौकी, लिकु स्वास्थ्य चौकी, पहाड स्वास्थ्य चौकी र सुँ स्वास्थ्य चौकी स्वास्थ्य इन्चार्जलाई प्रमाणपत्रसहित सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा त्रिपुरा माध्याकि विद्यालय काटियाचौर र मदरल्याण्ड फोक्सुण्डो एकेडेमीका विद्यार्थीहरुले खोप सम्बन्धी सचेतनामूलक प्रस्तुतिहरु समेत प्रदर्शन गरेका थिए ।

यसअघि जिल्लाकै पहिलो पूर्ण खोप पालिकाको रुपमा जगदुल्ला गाउँपालिका घोषण भइसकेको छ भने दोस्रो मुड्केचुला गाउँपालिका घोषण भइसकेको छ ।

## चौरजहारीमा मुर्रा जातको भैंसी फार्म सञ्चालन



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ जेठ

रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा मुर्रा जातको भैंसी फार्म सञ्चालनमा आएको छ । चौरजहारी नगरपालिकाको वडा नं १ लामिछाने गाउँमा भारतको लखनउबाट मुर्रा जातका भैंसी खरिद गरी फार्म सञ्चालनमा ल्याइएको हो ।

नयाँ अभियान कृषि सहकारी संस्था लिमिटेडले बजारमा बढ्दो दुध तथा दुग्धजन्य पदार्थको मागलाई मध्यनजर गर्दै भैंसी फार्म सञ्चालनमा ल्याएको हो ।

शहकारी संस्थामा आवद्ध ७ जना सदस्यहरुले प्रति सदस्य २ लाख रुपैयाँका दरले १४ लाख र जिल्ला पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमको ८ लाख रुपैयाँको अनुदान गरी २२ लाख रुपैयाँको लगानीमा फार्म सञ्चालन गरीएको सहकारी संस्थाका अध्यक्ष ऋषिप्रसाद शर्माले जानकारी दिए ।

भारतको लखनउबाट ९ वटा मुर्रा जातका माउ भैंसी र ८ वटा पाडा, पाडी फार्ममा रहेका छन् । अहिले उक्त फार्मबाट दैनिक २५ लिटर दुध बजारमा खपत हुँदै आइरहेको अध्यक्ष शर्माको भनाइ छ ।

प्रतिलिटर ८० रुपैयाँमा दुध बिक्री हुँदै आइरहेको तर बजारको मागबमोजिम दुध आपूर्ति गर्न नसकिएको संस्थाका उपाध्यक्ष पर्शुराम लामिछानेले बताए ।

उपाध्यक्ष लामिछानेले भने, 'विगतका दिनहरुमा स्थानीय सरकार, कृषि तथा पशु सेवा कार्यालयहरुबाट अनुदानमा कतिपय ठाउँमा भैंसी फार्महरु सञ्चालन गरेको पनि हामीले देखेका थियौं, तर उनीहरुले ति फार्म निरन्तररुपमा सञ्चालन गर्न सकेनन् । यो नयाँ अभियान सहकारी फार्मलाई कर्णाली प्रदेशकै नमुना भैंसी फार्मको रुपमा स्थापित गर्ने लक्ष्य छ ।'

'दुधमा शुद्धता, हाम्रो प्रतिबद्धता' भन्ने मुल नाराका साथ शुरुमा १५ जना ग्राहकबाट दुध वितरण गर्दै आएको सहकारी संस्थाले जनाएको छ ।

लामिछाने गाउँस्थित करिब २५ सय वर्गमिटर जमिनमा उक्त फार्म सञ्चालन गरिएको छ । भविष्यमा चौरजहारी नगरपालिकाअन्तर्गतका १४ वटै वडामा फार्मलाई विस्तार गरिने र बजारमा दुध डेरी सञ्चालन गर्ने योजना रहेको संस्थाकी कोषाध्यक्ष देवि खड्काले बताइन् ।

चौरजहारी नगरपालिका वडा नं १ र २ मा २ वटा दुध डेरी सञ्चालनमा रहेका छन् । तर ती दुई वटै डेरीले बजारको माग अनुसार दुध, दही तथा दुग्धजन्य पदार्थ आपूर्ति गर्न सकिरहेका छैनन् ।

चौरजहारीमा वर्तमान समयमा पनि रुकुम पश्चिम सानीभेरी गाउँपालिकाको सिम्ली, जाजरकोट जिल्लाको कुदु र सल्यान जिल्लाको कोर्ति, बस्नेत जिउँलालगायतका ठाउँबाट दुग्धजन्य पदार्थ आपूर्ति हुँदै आएको छ ।

## खसेको ढुंगाले लाग्दा बालकको मृत्यु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २६ जेठ

बाखा चराउन गएको बेला माथिबाट खसेको ढुंगाले लाग्दा १० वर्षीय बालकको मृत्यु भएको छ । मध्ये क्षेत्रको सर्केगाड गाउँपालिका वडा ८ राहदेव गाउँका भुपेन्द्र रोकायाको ढुंगाले लागेको मृत्यु भएको हो ।

रोकाया शुक्रबार बाखा चराउन तल्लो सताङ्ग जंगलमा गएका थिए । जंगलमा माथिबाट एक्कासी ढुंगा खसेर लागेपछि घटना स्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ । प्रहरीका अनुसार करिब चार बजेतिर ढुंगा लागेर मृत्यु भएको हो ।

बाखा चराउन सोही गाउँका ११ वर्षीय अनिल एडि पनि गएका थिए । एडिको ढुंगाले लागेर दाहिने हात भाँचिएको छ । उनको राहदेव स्वास्थ्य चौकीमा उपचार भइरहेको जिल्ला प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए ।

## स्रोत नखुलेको रकमसहित एक जना नियन्त्रणमा

**बाँके/मस–** बाँकेको नेपालगञ्ज उपमहानगरपालिका १६ चौलिका चोकबाट स्रोत नखुलेको १४ लाख ६ हजार ५ सय रुपैयाँसहित एक जनालाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीको नम्बर ३० गण बाँकेले सोही जिल्लाको डुडुवा गाँउपालिका ४ साहपुरुवा बस्ने ३५ वर्षीय उमाकन्त गुप्तालाई स्रोत नखुलेको रकमसहित नियन्त्रणमा लिएको हो । भे ६ प ३७४६ नम्बरको मोटरसाइकलमा सवार उनलाई सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा रकम फेला परेको र उनले रकमको स्रोत खुलाउन नसकेपछि नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएका गुप्तालाई बरामद रकमसहित आवश्यक कारबाहीका लागि भन्सार कार्यालय जमुनाह बाँकेमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

**मोटरसाइकल हरायो**

मिति २०७९/११/२२ गते अ. २२:०० बजेको समयमा गोर्केश्वर न.पा.-६, नयाँबस्तीबाट प्रदेश १-०५-००१ प ७५९५ नं.को १५० सीसी पल्सर मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
सवारी धनी : हुलास फाईनान्स सर्भिस लि. (ऋणी: महेश कुमार बस्नेत)
इन्जिन नं.: DHXRMJ97680
च्यासिस नं.: MD2A11CX8MPJ10916
सम्पर्क नं.: ९८१४०५०५०५

अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/२७**

श्री सल्लेरी महिला सामुदायिक वन उपभोक्ता समुह, बराहताल गा.पा.-८, सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ४८ को ५७३.३६ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री सल्लेरी महिला सामुदायिक वन उपभोक्ता समुह,**
**बराहताल गा.पा.-८, सुर्खेत**

❀ समयमा विद्युत महसुल तिरौं, जरिवानाबाट बचौं ।
❀ विद्युत चोरी दण्डनीय अपराध हो ।
❀ विद्युत महसुल अनलाइन भुक्तानी गरी समय र पैसाको सदुपयोग गरौं ।

**नेपाल विद्युत प्राधिकरण**
**स्याङ्जा वितरण केन्द्र**
**पुतलीबजार स्याङ्जा**

**व्यापारिक प्रयोजनका लागि काठ दाउरा विक्रीको सूचना**

यस नवज्योति सामुदायिक वन उपभोक्ता समूह कमलामाई नगरपालिका- ११ सिन्धुलीले घाटगद्धी गरी राखेका साल जातको गोलिया काठ एबिसि ग्रेडका २१ थानको जम्मा १९३.३८ क्यूफिट काठ व्यापारिक प्रयोजनका लागि विक्रि गर्नु पर्ने भएकोले रित पुगेका व्यवसायीहरुका लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यस सावउसको कार्यालयबाट लिनुहुन सुचित गरिन्छ

सम्पर्क
**नवज्योति सामुदायीक वन उपभोक्ता समूह कमलामाई नपा ११, सिन्धुली**

**मलेसियामा रोजगार** | कम्पनी : LEE WAH SAWNILL SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ चलानी नं.: ६०१९४८६१ LT. No.:279085 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २ (17 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लिम्को ओभरसिज प्रा. लि.**
**LIMCO OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. ७९२/०६५/०६६
Koteshwor-35. Kusum Marg, Kathmandu, Nepal, Phone: 01-5199020, 5199526
Email us at: limco.hr@gmail.com, website; www.limco.com.np

**मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जिल्ला कैलारी जोशीपुर गा.पा. वडा नं. ३ बस्ने राजाराम डगौरा समेतले हाम्रो बुवा टडना डगैराको मिति २०३८/०५/०६ गते र आमा मनप्यारी डगौराको मिति २०७७/१०/०९ गते आफ्नो कालगतिले मृत्यु भइसकेकोले मृतक बुवा र आमाको शेष पछिका सबैभन्दा नजिकको हकदारहरुमा मृतकको छोराहरु हामी चार भाइ रामचरण डगौरा, राजाराम डगौरा, मोतिलाल डगौरा, लाल बहादुर डगौरा भएता पनि जेठो दाजु रामचरण डगौराको मिति २०७७/०३/२७ गते र भाउजु कौशिल्या डगौराको मिति २०७८/०३/२९ गते मृत्यु भैसकेकोले मृतकका तीन छोराहरु गंगाराम डगौरा, निप बहादुर डगौरा र राजेश कुमार चौधरी मात्र हुन । अन्य हकदार कोही पनि छैनन् र मृतक आमा तथा बज्यै मनप्यारी डगौराको नाममा दर्ता स्रेस्ता कायम जिल्ला कैलाली लालपुरवाणी गा.वि.स. वडा नं. ७ कि.नं. ५२३, ५३१ ज.वि. ०-३-३, ०-७-० को जग्गा हाम्रो नाममा स्रेस्ता कायम गरी संयुक्त नामसारी दाखा गरी पाउँ भनि ज.ध.प्रमाण पुर्जा सक्कल, चालु आ.ब.को मालपोत रसिद, नागरिकता प्रमाणपत्र, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण पत्र, जोशीपुर गा.पा. वडा नं. ३ को सिफारिस सहित संयुक्त नामसारी दाखा गरी पाउँ भनि मिति २०७८/०४/२० गते यस कार्यालयमा निवेदन पेश भएकाले संयुक्त नामसारी दाखा नगर्नु पर्ने कुनै कारण भए वा कसैको हकभाग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र सप्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा ऐन कानून बमोजिम संयुक्त नामसारी भैजाने व्यहोरा यसै सूचनाद्वारा सबैलाई जानकारी गराइन्छ ।

ईति सम्बत २०८० साल जेठ २७ गते रोज ७ शुभम् ।



## विचार

# लेखकका समस्या र चुनौती



■ सुरेश भट्ट 'आश्रिन'

यो आलेख लेख्न शुरु गर्दा म यसबारेमा त्यति गम्भीर थिइन । म त्यो स्थितिमा पनि थिइन । प्रख्यात पाकिस्तानी स्तम्भकार यासिर पिरजादाले भने जस्तै ममा लेख्नुपर्छ भन्ने हुटहुटी भने थियो । तर, एक श्रमिक लेखुँ कसरी ? भन्ने प्रतिप्रश्नले मनमा डेरा जमाइरह्यो । सायद सबैको आरम्भिक यात्रा यसैगरी सुरु हुन्छ होला ! हुटहुटी चाहिन्छ पनि । आरम्भमा अघिल्तिर डोऱ्याउने पनि यसैले हो । यद्यपि यसको खाँचो जीवनभरि रहन्छ । निराशा र पलायनबाट आफूलाई जोगाउन मात्र होइन, आफ्नो कामलाई जीवन्तरूपमा अघि बढिरहन पनि यसले 'मृत सञ्जीवनी'को काम गर्छ ।

एउटा लेखकले हुटहुटीलाई आफूभित्र सधैँ सुरक्षित राख्नुपर्छ । नत्र लेखकको जीवित मृत्यु हुनसक्छ । कयौं लेखकहरु लेखनबाट पलायन भएका छन् । उनीहरुको असामयिक मृत्यु भएको छ । अर्थात् केही गर्छु भन्ने हुटहुटी मऱ्यो भने यस्तो हुन्छ । समय बित्दै जाँदा लेखक लेखनप्रति गम्भीर हुन्छ र हुनु पनि पर्छ । आफ्नो लेखनलाई लिएर उसका अघिल्तिर दर्जनौं प्रश्नहरु उभिन्छन् र तिनले जवाफ माग्छन् । यस्ता प्रश्नहरु लेखनको स्तरियतासँग मात्र सम्बन्धित हुन्छन्, लेखकको समाजिक दायित्व, उसले प्रस्तुत गरिरहेको सामग्री, त्यसको प्रभाव, पाठकहरुको प्रतिक्रिया, आफ्नो लेखनको मूल्यांकन आदिसँग पनि सम्बन्धित हुन्छन् ।

लेखक बन्न सोचे जति सजिलो छैन । कवि भूपी शेरचनका शब्दमा भन्ने हो भने –लेखक हुनु भनेको बिजुलीका नाङ्गा तारहरुलाई छुनु समान हो । उनले कुनैबेला कवि हुनु बिजुलीका नाङ्गा तारहरुलाई छुनु हो भनेका थिए । यो एक लेखक, रचनाकारका र साहित्यकार सबैले सामना गर्नुपर्ने चुनौती समान छन् । आफ्नै समकालीनहरूका माझ बुझिने बन्नु लेखकको कर्तव्य र उत्तरदायित्व दुवै हो । यसरी आफू औसत लेखक हुँ भन्ने कुरामा विश्वस्त हुन्छ । किनकि, ऊ ठान्छ- बुझ्ने गरी लेख्नु भनेको आफूलाई अरूले विद्वान ठान्ने सम्भावनालाई मार्नु हो । एक लेखकले हरेक वाक्यलाई धेरै पटक पढ्दै सच्याउँछ । ब्राजीलका पाउलो कोएलोले भनेका छन् –एउटा सामान्य मान्छेको शब्द भण्डारमा करिब तीन हजार शब्द हुन्छन् । तर, एउटा साँच्चैको लेखकले कहिल्यै ती तीन हजार शब्द प्रयोग गर्दैन । किनकि, शब्दकोशमा यीबाहेक अन्य एक लाख ८९ हजार शब्द हुन्छन् । लेखकले ति शब्दहरूको कुनै न कुनै उपयुक्त विषयमा छनोट गर्नु, त्यसको गहिराइमा पस्नु, आफूले प्रस्तुत गर्न चाहेको विषयमा स्पष्ट हुनु, विरोधाभासबाट बच्नु, प्रभावकारी प्रस्तुतीमा ध्यान दिनु, अध्ययन र साधनालाई महत्व प्रदान गर्नु आदि राम्रो लेखक बन्न चाहिने महत्वपूर्ण कुरा हुन् । तर एक उम्दा लेखक हुन आलोचनात्मक दृष्टिले सबैभन्दा बढी महत्व राख्छ भन्ने लाग्छ । वस्तुलाई, घटनालाई वा भनुँ समग्र परिस्थिति र त्यसका अवयवहरुलाई आलोचनात्मकरूपमा हेर्नु आलोचनात्मक दृष्टि राख्नु हो ।

एउटा लेखकसँग आलोचनात्मक दृष्टि हुनैपर्छ । यस्तो दृष्टि राख्नु अराजक हुनु र राम्रो पक्षलाई नदेख्नु होइन । समाजप्रति जिम्मेवार लेखकको दायित्व समाजलाई अघिल्तिर लैजान सहयोग पुऱ्याउनु पनि हो । समाजका अँध्यारा पक्षहरुको आलोचक नभइकन उज्यालो सम्भव छैन । यसैले आलोचनात्मक दृष्टि राख्नु जोखिमपूर्ण पनि छ । आजभोली राजनीतिक, सामाजिक र नेताहरूको बुझाई प्रति आलोचना गर्दा समाजमा एक्लै भइने डर एकातिर छ, भने अर्कोतिर तिनका रावण प्रवृत्तिका कार्यकर्तासँग अझ जोखिमपूर्ण हुन्छ । राज्य, समाज र व्यक्तिको प्रहारको निशाना बन्नुपर्ने स्थिति पनि आउनसक्छ । लेखकहरु मारिएका, जेल परेका र निर्वासित भएका उदाहरणहरु प्रशस्त छन् ।

आलोचनात्मक दृष्टिको खाँचो प्राय: सबै विषयमा पर्छ । आलोचना गर्न नपर्ने, अझ प्रशंसा र प्रेरित गर्नुपर्ने विषयहरु पनि हुन्छन् तर यस्ता विषयहरुको प्रकृति अलिकति फरक हुन्छ । यो लेखकले आफैले विचार गर्नुपर्ने विषय हो । आलोचनात्मक दृष्टिको अभावमा लेखनमा ज्यान त



> एउटा लेखकसँग आलोचनात्मक दृष्टि हुनैपर्छ । यस्तो दृष्टि राख्नु अराजक हुनु र राम्रो पक्षलाई नदेख्नु होइन । समाजप्रति जिम्मेवार लेखकको दायित्व समाजलाई अघिल्तिर लैजान सहयोग पुऱ्याउनु पनि हो । समाजका अँध्यारा पक्षहरुको आलोचक नभइकन उज्यालो सम्भव छैन । यसैले आलोचनात्मक दृष्टि राख्नु जोखिमपूर्ण पनि छ ।

हुन्न नै लेखक यथास्थितिवादी र भाट (राजामहाराजा वा ठूलाबडाको स्तुति गाएर जीविका चलाउने व्यक्ति) बन्ने सम्भावना पनि हुन्छ । हाम्रो समाजमा यस्ताहरुको कमी पनि छैन । एक लेखकले समाजमा सामना गर्नुपरेको सबैभन्दा ठूलो चुनौती चनौती यही हो । सबै गम्भीर र जिम्मेवार लेखकले अनुभव गर्ने कुरा हो यो ।

